**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- उपराष्ट्रपति सी पी राधाकृष्णन आज कर्नाटक भ्रमणमा रहनुहुनेछ। उहा तुमकुरु स्थित श्री सिद्धगंगा मठमा श्री शिवकुमार महास्वामीजीको 7औ स्मृति दिवस समारोहमा मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुनेछ।

- डाक विभागले देशभरी ८८७ एटिएम संचालनमा ल्याएर आफ्नो एटीएम पूर्वाधारलाई बलियो बनाएको छ।

- गुवाहाटीको कामाख्या र हावड़ाको बीच वंदेभारत शयनयान रेलगाड़ीको पहिलो वाणिज्यिक परिचालनलाई यात्रिहरुबाट धेरै उत्साहजनक प्रतिक्रिया प्राप्त भैरहेछ।

- नेपालभरि १६५ निर्वाचन क्षेत्रमा 5 मार्च मा हुने पहिलो निर्वाचित हुने प्रणाली अन्तर्गत २,९२५ उम्मेदवारले आफ्नो मनोनयन दर्ता गराएका छन्।

- पुरुष क्रिकेटमा, भारत र न्यूजीलैंड बीचको 5 मैचको टी20 अंतरराष्ट्रीय श्रृंखला आजदेखि शुरु भैरहेछ। श्रृंखलाको पहिलो मैच नागपुरको विदर्भ क्रिकेट एसोसिएशन स्टेडियममा खेलिनेछ।

**उपराष्ट्रपति-कर्नाटक**

उपराष्ट्रपति सी पी राधाकृष्णन आज कर्नाटक भ्रमणमा रहनुहुनेछ। उहा तुमकुरु स्थित श्री सिद्धगंगा मठमा श्री शिवकुमार महास्वामीजीको 7औ स्मृति दिवस समारोहमा मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुनेछ। । उपराष्ट्रपति बेंगलुरु स्थित सीएमआर प्रौद्योगिकी संस्थानको रजत जयंती समारोहमा पनि सहभागी हुनेछन्।

**डाक विभाग – एटीएम**

डाक विभागले देशभरी ८८७ एटिएम संचालनमा ल्याएर आफ्नो एटीएम पूर्वाधारलाई बलियो बनाएको छ। यी एटीएममार्फत ग्राहकले नगद झिक्न, ब्यालेन्स चेक गर्न र अन्य आधारभूत कारोबार गर्न सकिने सञ्चार मन्त्रालयले जनाएको छ । यी पहलहरू विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रमा बस्नेहरूका लागि फाइदाजनक छन्। यो पहलले डिजिटल रूपान्तरणको माध्यमबाट वित्तीय समावेशीकरणको सरकारको दृष्टिकोणलाई समर्थन गर्ने मन्त्रालयको भनाइ छ । साथै, यो कदमले बैंकिङ सेवालाई अझ सुलभ, प्रयोगकर्तामैत्री बनाउन र बैंकिङ सुविधाहरू जनताको घर नजिक उपलब्ध गराउनमा सहयोग पुग्नेछ ।

**वंदे भारत स्लीपर-टिकट**

गुवाहाटीको कामाख्या र हावड़ाको बीच वंदेभारत शयनयान रेलगाड़ीको पहिलो वाणिज्यिक परिचालनलाई यात्रिहरुबाट धेरै उत्साहजनक प्रतिक्रिया प्राप्त भैरहेछ। रेल मन्त्रालयले टिकट बुकिङ खुलेको केही घण्टाभित्रै सबै सिट बुकिङ भएको जनाएको छ । टिकटहरूको द्रुत बिक्रीले यात्रुहरूको वंदे भारत स्लीपर ट्रेनको छिटो, आरामदायक र आधुनिक सुविधाहरूको अनुभव गर्ने इच्छालाई प्रतिबिम्बित गर्दछ। यो रेलगाड़ीको शुभारंभ गत सप्ताह प्रधानमंत्री नरेन्द्र मोदीले गर्नुभएको थियो। । यो रेलले भोलि कामाख्याबाट र शुक्रबार हावडाबाट आफ्नो पहिलो व्यावसायिक यात्रा सुरु गर्नेछ।

**महा- डाभोस**

केन्द्रीय मन्त्री अश्विनी वैष्णव र महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले स्विट्जरल्यान्डको डाभोसमा विश्व आर्थिक मञ्चको साइडलाइनमा संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गरेका थिए।

मिडियासँगको अन्तरक्रियाको क्रममा दुवै नेताहरूले विनिर्माण, उद्योग, कृत्रिम बुद्धिमत्ता (एआई), सेमिकन्डक्टर र प्रत्यक्ष विदेशी लगानी (एफडीआई) मा भारतको वृद्धिको बारेमा आ-आफ्नो दृष्टिकोण साझा गरे।

वैष्णवले भन्नुभयो, सबैभन्दा उन्नत दुई नानो मिटर चिपहरू अब भारतमा डिजाइन गरिनेछ र हामी यसमा स्टार्टअप सुरु गर्नेछौं। उहाँले भन्नुभयो, पछिल्लो दशकमा भारतले सेमिकन्डक्टर, एआई, खाद्य प्रसंस्करणजस्ता विभिन्न क्षेत्रहरूमा कडा मेहनत गरिरहेको छ, भारतले यी क्षेत्रहरूमा पहिचान गरिरहेको छ।

भारतको औद्योगिक विकासको बारेमा बोल्दै श्री फडणवीसले भन्नुभयो, भारतले डिजिटल सार्वजनिक पूर्वाधारलाई अर्को पुस्ताको प्रविधिमा रूपान्तरण गर्न काम गरिरहेको छ। उहाँले भन्नुभयो, भारतले डाभोसमा विश्व आर्थिक मञ्चमा सहकारी र प्रतिस्पर्धात्मक सङ्घीयतासँग आफ्नो उपस्थितिलाई उल्लेखनीय रूपमा जोड दिएको छ।

**गडकरी - भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरण**

सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले ६-लेन बेंगलुरु-कडपा-विजयवाडा आर्थिक करिडोरको प्याकेज २ र प्याकेज ३ मा निरन्तर बिटुमिनस कंक्रीट-डामर बिछयाएर चार गिनिज वर्ल्ड रेकर्ड हासिल गरेकोमा भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरणलाई बधाई दिए। श्री गडकरीले भने कि उन्नत प्रविधि र कडा गुणस्तर मापदण्डहरू मार्फत हासिल गरिएको यो उपलब्धिले देशको बढ्दो इन्जिनियरिङ उत्कृष्टता र कार्यान्वयन क्षमताहरू प्रदर्शन गर्दछ। उनले भने कि यो उपलब्धिले विश्वस्तरीय राजमार्ग निर्माण र पूर्वाधार विकासमा नयाँ विश्वव्यापी मापदण्डहरू स्थापित गर्ने राष्ट्रको प्रतिबद्धतालाई बलियो बनाउँछ।

**तेलंगाना - संसदीय स्थायी समिति**

श्रम, वस्त्र र कौशल विकास संबंधी संसदीय स्थायी समितिले हैदराबाद स्थित कर्मचारी राज्य बीमा निगम (ईएसआईसी) को भ्रमण गरेको छ। लोकसभा सदस्य बसवराज बोम्मईको अध्यक्षतामा रहेको समितिले संविदा कर्मचारिहरुलाई प्रदान गरिने सामाजिक सुरक्षा र लाभहरुसहित ईएसआईसीको भूमिका र कार्यहरुको समीक्षा गरेको छ। ईएसआईसी अधिकारिहरुले समितिलाई विभिन्न पक्षहरुको जानकारी दिएको छ।

**नेपाल निर्वाचन - मनोनयन**

नेपालभरि १६५ निर्वाचन क्षेत्रमा 5 मार्च मा हुने पहिलो निर्वाचित हुने प्रणाली अन्तर्गत २,९२५ उम्मेदवारले आफ्नो मनोनयन दर्ता गराएका छन्। यस निर्वाचन प्रणालीमा निर्वाचन क्षेत्रमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारले जित हासिल गर्ने छ । मनोनयन दर्ता गर्ने अन्तिम मिति जनवरी २०अर्थात हिज बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म रहेका थिए । नेपाल निर्वाचन आयोगले मंगलबार अर्थात आज सम्म ३३६ महिला र २,५८९ पुरुष उम्मेदवारले आफ्नो मनोनयन दर्ता गराएको जानकारी प्राप्त भएको छ । केही निर्वाचन क्षेत्रमा प्रमाणीकरण कार्य जारी रहँदा यो संख्या अझ बढ्न सक्ने संभावना रहेको छ ।

निर्वाचन आयोगको तथ्याङ्क अनुसार, नेपालको मुस्ताङ जिल्लामा सबैभन्दा कम मनोनयन दर्ता भएको छ, जसमा केवल चार जना उम्मेदवारले मनोनयन दर्ता गरेका छन्। दोस्रो सबैभन्दा कम मनोनयन दर्ता भएको जिल्ला मनाङ हो, जसमा पाँच

जना छन्। सबैभन्दा बढी मनोनयन रुपन्देही निर्वाचन क्षेत्र २ र ३ मा दर्ता भएका छन्, जसमा प्रत्येकले ३५ जना उम्मेदवार छन्। आम निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त जानकारी अनुसार मनोनयन प्रक्रिया शान्तिपूर्ण रह्यो।

**भाजपा अध्यक्ष**

भारतीय जनता पार्टीका कार्यवाहक अध्यक्ष नितिन नवीन, पार्टीको राष्ट्रिय अध्यक्ष बनेका छन्। नयाँ दिल्लीस्थित भाजपा मुख्यालयमा आयोजित संगठन पर्व महोत्सवमा पार्टीका राष्ट्रिय रिटर्निङ अफिसर डा. के. लक्ष्मणले उहाँको नाम घोषणा गर्नु भयो। प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय मन्त्रीहरू अमित शाह, राजनाथ सिंह, जे.पी. नड्डा र नितिन गडकरी लगायत वरिष्ठ भाजपा नेताहरूले उहाँलाई बधाई दिए।

**क्रिकेट - भारत-न्यूजीलैंड टी20**

पुरुष क्रिकेटमा, भारत र न्यूजीलैंड बीचको 5 मैचको टी20 अंतरराष्ट्रीय श्रृंखला आजदेखि शुरु भैरहेछ। श्रृंखलाको पहिलो मैच नागपुरको विदर्भ क्रिकेट एसोसिएशन स्टेडियममा खेलिनेछ। मैच बेलुकी 7 बजे शुरू हुनेछ। यो श्रृंखला सूर्यकुमार यादवको कप्तानीमा महत्वपूर्ण मानिएको छ। यस सीरीजलाई आगामी आईसीसी पुरुष टी20 विश्वको तैयारिको अहम हिस्साको रूपमा मानिएको छ।

**मत्स्य सम्मेलन**

मत्स्य पालन विभागले आज  नयाँ दिल्लीमा ८३  साझेदार देशका राजदूत र उच्चायुक्तहरूसँग राउण्ड टेबल अर्थात गोलमेच सम्मेलन आयोजना गरिरहेको छ। सम्मेलनको अध्यक्षता  मत्स्य पालन, पशुपालन तथा दुग्ध व्यवसाय मन्त्री राजीव रञ्जन सिंहले गर्नुहुनेछ। यसको उद्देश्य द्विपक्षीय व्यापारलाई सुदृढ पार्नु, समुद्री खाद्य निर्यातलाई बढावा दिनु र अन्तर्राष्ट्रिय बजार सम्बन्धलाई सुदृढ पार्नु हो।

**मत्स्यपालन, पशुपन्छी तथा दुग्धव्यवसाय मन्त्रालयले एसिया, अफ्रिका, युरोप, उत्तर अमेरिका, ओसिनिया, ल्याटिन अमेरिका र क्यारेबियनका राजदूत तथा उच्चायुक्तको उपस्थितिमा सम्मेलन गर्न लागेको जनाएको छ। सम्मेलनले सामुद्रिक खाद्य व्यापार, बजार पहुँच, नियमनकारी सहयोग र द्विपक्षीय तथा बहुपक्षीय साझेदारीलाई सुदृढ पार्ने सन्दर्भमा महत्वपूर्ण मञ्चका रूपमा काम गर्ने मन्त्रालयले जनाएको छ। सम्मेलनले मूल्यवर्धित समुद्री खाद्य व्यापारलाई बढावा दिनुका साथै लगानी, संयुक्त उद्यम, प्रविधि हस्तान्तरण र क्षमता निर्माणका लागि मार्गहरू खोज्नेमा पनि ध्यान केन्द्रित गर्नेछ।**

**सरकार - कच्चा जूट**

सरकारले जुट मिलका लागि कच्चा जुटको भण्डारण सीमा बढाउने निर्णय गरेको छ भने व्यापारी र बेल उत्पादकका लागि भण्डारण सीमा घटाउने निर्णय गरेको छ। यी उपायहरूको उद्देश्य मिलहरू र साना र मझौला उद्यमहरूलाई कच्चा जुटको उपलब्धतामा सुधार गर्नु र जुट कामदार र किसानहरूको हितको रक्षा गर्नु हो। केन्द्रीय वस्त्र मन्त्री श्री गिरिराज सिंहले नयाँ दिल्लीमा मन्त्रालय र जुट आयुक्तको कार्यालयका वरिष्ठ अधिकारीहरूसँग कच्चा जुटको उच्च मूल्यको मुद्दाको समीक्षा गर्नुभयो। बैठकमा श्री सिंहले उद्योग सञ्चालनलाई सहज बनाउनका लागि जुट मिल र साना तथा मझौला उद्यमहरूलाई कच्चा जुटको पर्याप्त उपलब्धता सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो। श्री सिंहले जूट आयुक्तलाई अनुमेय स्टक सीमाभन्दा बढी जमाखोरीहरूको पहिचान गर्न र त्यसविरुद्ध कारबाही गर्न अभियानलाई तीव्र पार्न निर्देशन दिनुभयो। कच्चा जुटको उच्च मूल्य व्यवस्थापन गर्न उद्योगलाई सहयोग पु¥याउन सरकारले गत वर्षको सेप्टेम्बरमा जुटको बोराको खरीद मूल्य ७४ रुपैयाँबाट बढाएर ८७ रुपैयाँभन्दा बढी गरेको उनले बताउनुभयो। यी उपायहरूले जुट किसान र कामदारहरूको हितको रक्षा गर्ने सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।